
का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० भदौ २०७९,
सोमबार
5 September 2022,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक २१२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# रञ्जनकै फैसला देखाएर
## 'महाअभियोग लगाइए आपत्ति छैन'

यदि यसैबाट (रञ्जनकै फैसला) महाअभियोग लाग्छ र मैले अवकाश लिनुपर्छ भने मैले हार्दिकतापूर्वक क्षमा चाहन्छु । हार्दिकतापूर्वक अनुरोध गर्छु, यो आधारबाट महाअभियोग लाग्छ भने म कुनै आपत्ति र गिल्टी फिल गर्दिनँ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ भदौ ।

आफुमाथि लागेका एक-एक अभियोग अस्वीकार गर्दै आएका निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले रञ्जन कोइरालाको सजाय घटाउने फैसलाका कारण आफुमाथि प्रश्नहरु उठेको स्वीकार गरेका छन् । आफुले गलत नगरेको तर, विवेक प्रयोग गरेको जिकिर गर्दै उनले रञ्जनकै फैसला देखाएर महाअभियोग लगाइए गिल्टी फिल नगर्ने बताएका हुन् ।

प्रतिनिधिसभाको महाअभियोग सिफारिस समितिमा जबराको बयान जारी छ । आइतबार तेस्रो दिन बयान दिन उपस्थित जबराले रञ्जन कोइरालाको सजाय घटाउने फैसलाकै कारण महाअभियोग लागे स्वीकार्य हुने बताएका हुन् । उनले बयानमा भनेका छन् 'यदि यसैबाट (रञ्जनकै फैसला) महाअभियोग लाग्छ र मैले अवकाश लिनुपर्छ भने मैले हार्दिकतापूर्वक क्षमा चाहन्छु । हार्दिकतापूर्वक अनुरोध गर्छु, यो आधारबाट महाअभियोग लाग्छ भने म कुनै आपत्ति र गिल्टी फिल गर्दिनँ ।'

महाअभियोग सिफारिस समितिले जबरालाई सोधेको प्रश्न हो- 'सशस्त्र प्रहरीका तत्कालिन बरिष्ठ अधिकृत रजन कृष्ण कोइराला संलग्नज्यान मुद्दामा मातहत अदालतबाट भएको फैसला उल्टी गरी गैर कानुनी ढंगले कैद घटाएको प्रश्नमा उक्त मुद्धा पुनः सर्वोच्च अदालतमा विचारधीन रहेकोमा त्यस्तो संगीन मुद्धाको शिघ्र सुनुवाई गरी गराई न्यायिक मूल्य पुनर्स्थापित गर्नु पर्नेमा आफैले पटक पटक पेशी स्थगित गरेको र त्यही संवेदनशील विचाराधीन मुद्दालाई प्रभावित गर्ने गरी सार्वजनिक रुपमै फेसलाको व्याख्या गर्दै त्यसको प्रतिरक्षा गरेको देखिएको छ । प्रधान न्यायाधीशले सरकारी प्रवक्ता जस्तो भई इजलास बाहिर आफ्नो फैसलाबारे बोल्दै हिँड्नु र टिकाटिप्पणी गर्नु अदालतको गरिमा र पदीय मर्यादा अनुकुलको आचरण होईन, हुन सक्दैन, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस् ।'

> बयानका क्रममा जबराले पूर्ववर्ती सरकारले ल्याएको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश र अध्यादेश अनुसार बिभिन्न संवैधानिक निकायमा भएको ५२ जना पदाधिकारीहरुको नियुक्तिको भने बचाउ गरेका छन् ।

लामो प्रश्नको जवाफ जबराले पनि लामै दिए । घटनाको प्रकृति र कोइरालाको पारिवारित स्थितिको व्याख्या गरे । '...मलाई दुःख लागेको छ । दुःख यसकारण लागेको छ कि साढे ८ वर्षको राय लगाउँदा त्यसबाट पीडित परिवार लगायतबाट प्रश्न उठाइयो । यसबाट मलाई पनि दुःख लागेको छ । यो कुरा नभइदिएको भए हुने रहेछ भन्ने फिल गरेको छु । मलाई पनि दुःख लागेको छ । यसबाट गल्ती भाछ, यसबाटै महाअभियोग लागेर अवकाश दिनुपर्ने अवस्था छ भने म हार्दिकतापूर्वक जनता र समितिसामु अनुरोध गर्छु, मैले कानुनले दिएको अधिकारअनुसार विवेक प्रयोग गरेको हुँ' जबराले भनेका छन् । यसैमा उनले जोड्दै न्यायाधीशको विवेकमा प्रश्न उठाउन नपाइने उल्लेख गरेका छन् । आफुले कैद घटाउन लागि गरेको फैसलाको बचाउमा पटक-पटक विवेकको प्रयोग भनेका जबराले यसको पनि कारण दिने प्रयास गरे, 'कानुनले दिएको अधिकार प्रयोग गरेर ती दुइटा बालकहरुको भरणपोषण गर्नुपर्ने दायित्व आमाको अभावमा बाबु भएको हुनाले यो घटना पनि पारिवारिक भएको हुनाले दिएको हुँ । अर्को न्यायाधीशलाई म आरोप लगाउँदिनँ । यसको मैले लिड गरेको हुँ, देशको प्रधानन्यायाधीश हुँ, मैले न्याय प्रशासनको जिम्मेवारी लिएको छु ।'

बयानका क्रममा आइतबार मात्रै जबराले पूर्ववर्ती सरकारले ल्याएको संवैधानिक परिषद सम्बन्धी अध्यादेश र अध्यादेश अनुसार भएको बिभिन्न संवैधानिक निकायमा भएको ५२ जना पदाधिकारीहरुको नियुक्तिको बचाउ गरेका छन् । यस सम्बन्धी मुद्दामा आफुले ढिलाई नगरेको उनको प्रष्टिकरण छ । यस्तो प्रश्न गर्नेहरुलाई अदालति प्रक्रिया बुझिदिन निलम्बित प्रधानन्यायाधीश जबराको आग्रह छ ।

महाअभियोग सिफारिस समितिको अर्को बैठक यही भदौ २६ गते आइतबार बस्नेछ । हालसम्म समितिले बयानका क्रममा जबरालाई ११ वटा प्रश्न सोधेको छ । जबरालाई बयानमा सोध्न ४३ वटा प्रश्नहरु तयार पारिएको छ ।

■ एमालेले माग्यो

# घोषणापत्रका लागि सुझाव

एमालेले प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचन घोषणापत्रमा समावेश गर्ने विषयबारे सुझाव मागेको छ । प्राप्त सुझावका आधारमा घोषणापत्र तयार गरेर जनतामा अपनत्व बढाउने एमालेको राणनीति देखिन्छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ भदौ ।

संघीय संसद र प्रदेश सभाको सबैभन्दा ठुलो दल नेकपा एमालेले आगामी प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनको लागि तयार गर्ने पार्टीको घोषणापत्रका लागि जनतासँग सुझाव मागेको छ । आइतबार मात्रै एमालेको घोषणापत्रमा समावेश गर्ने विषयबारे सुझाव माग गरेको हो । घोषणापत्र मस्यौदा कमिटीले घोषणापत्रमा समावेश गरिने विषयवस्तुका लागि शनिबारसम्म सुझाव उपलब्ध गराउन सार्वजनिक आह्वान गरेको छ ।

संघीय संसद र प्रदेश सभामा रहेका आफु बाहेकका ठूला दलहरु एक भएर अगाडि बढिरहँदा दबाब महसुस गरेको एमालेले जनतासँगै सुझाव मागेको हो । प्राप्त सुझावका आधारमा घोषणापत्र तयार गरेर जनतामा अपनत्व बढाउने एमालेको राणनीति देखिन्छ ।

पार्टी पंक्तिबाट भने एमालेले सुझाव संकलन गरिसकेको छ । घोषणापत्र मस्यौदा कमिटीका अनुसार पार्टी पंक्तिबाट भदौ १५ गतेसम्म सुझाव लिइएको थियो । एमालेले सुझावका लागि पार्टीको केन्द्रीय कार्यालयका सचिव डा. भीष्म अधिकारीलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ । घोषणापत्र मस्यौदा कमिटीका अनुसार इमेलमार्फत् पनि सुझाव पठाउन सकिनेछ ।

एमालेले वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेलको नेतृत्वमा चुनावी घोषणापत्र मस्यौदा समिति गठन गरेको छ । पोखरेल एमालेको नीति अनुसन्धान प्रतिष्ठानका प्रमुख हुन् । अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा गठित निर्वाचन परिचालन कमिटी पनि क्रियाशिल छ ।

# नेकपा सम्झिँदै घनश्याम



एमाले पार्टी पुरै चुनावमा केन्द्रित छ । चुनावमै होमिएर नेकपा एमालेका नेता घनश्याम भूसाल भने तत्कालिन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सम्झिरहेका छन् । फरि पनि वाम तालमेलमा जोड दिँदै उनाले एमालेले मदन भण्डारी र नेकपा माओवादीले जनयुद्धको जडता छोड्नुपर्ने बताएका छन् ।

आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले मदन भण्डारीका नाममा ठूलो जडता रहेको समेत टिप्पणी गरेका हुन् । 'नेकपा एमाले भनिएकोमा पनि ठूलो जडता छ । मदन भण्डारीले सबै गरिसक्नुभयो हामीले केही गर्नुपर्दैन भन्ने जडता छ' भुसालको कडा टिप्पणी छ, 'मदन भण्डारीलाई हामीले विकास गर्न छाडिसकेका छौं ।

– बाँकी पृष्ठ २ मा

# श्रममन्त्रीसँग श्रमिकहरुले पोखे प्रत्यक्ष गुनासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले वैदेशिक रोजगारसँग जोडिएर मन्त्रालय आउने कामदारका गुनासहरु तत्काल सम्बोधन गर्ने गरेको बताएका छन् । मन्त्रालयमा स्थापित वैदेशिक रोजगारी सम्बन्धी गुनासो सुनुवाइ कक्ष कल सेन्टरमा 'श्रमिकसँग श्रममन्त्री' अन्तर्गत आइतबार दोस्रो कार्यक्रममा मन्त्री कुँवरले उक्त जानकारी दिएका हुन् ।

श्रमिकसँग प्रत्यक्ष फोनमा कुराकानी गर्दै मन्त्री कुँवरले श्रम मन्त्रालयसँग सम्बन्धित गुनासाहरूको तत्काल सुनुवाइ भइरहेको बताए । मन्त्री कुँवरले आइतबार बिहान ११ बजेदेखि १२ बजेसम्म एक घण्टा फोनमार्फत स्वदेश र विदेशबाट आएको दश जना श्रमिकको फोन रिसिभ गरेका थिए ।



मन्त्री कुँवरलाई झापाबाट फोन गर्ने श्रमिकले दक्षिण कोरिया जानका लागि भाषा परीक्षा पास गरेर पनि जान नपाएको विषयमा गुनासो सुनाउँदै जवाफ मागेका थिए भने साउदी र मलेसियाबाट फोन गरेका दुई युवाले कम्पनीले काम नदिएको र आफू बिरामी भएर अस्पतालमा उपचार गराइरहेको गुनासो गरेका थिए । गुनासा समाधानका लागि मन्त्री कुँवरले सम्बन्धित निकायलाई तत्काल पहल गर्न आग्रह गरे ।

यस्तै गत वैशाख २ गते साउदीमा दुर्घटनामा परी सुरेन्द्र प्रसाद साहको मृत्यु भएको र उनको शव नेपाल ल्याउन पहल गरिदिन मन्त्री कुँवरलाई आग्रह गरिएको छ। कार्यक्रममा मन्त्री कुँवरलाई श्रमिकहरुले फोन गर्दै केही म्यानपावरहरुले भनेअनुसार विदेशमा आफूले काम नपाएको गुनासो पनि गरेका

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## ढकाल कांग्रेसबाट प्रदेशसभाको उम्मेदवार सिफारिस



**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक विमल प्रसाद ढकाललाई नेपाली कांग्रेसले रुपन्देही क्षेत्र नं ३ (ख) बाट प्रदेशभा सदस्य उम्मेदवार बनाउन सिफारिस गरेको छ ।

प्रतिनिधिसभाको निर्वाचनका लागि सो क्षेत्रबाट गृहमन्त्री तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य बालकृष्ण खाँणको नाम सिफारिस भएको छ। नेपाली कांग्रेस रूपन्देही निर्वाचन क्षेत्र नं ३,

– बाँकी पृष्ठ २ मा

# चुनाव जित्ने रणनीतिमा प्रचण्ड

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १९ भदौ ।

नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' आगामी मंसिरमा हुने प्रतिनिधिसभा निर्वाचन जित्ने रणनीतिमा लागेका छन् । अघिल्लो निर्वाचनमा चितवनबाट चुनाव जितेका उनी यो पटक पनि जुन निर्वाचन क्षेत्रबाट जित्न सकिन्छ त्यहीँ उठ्ने तयारीमा लागेका हुन् । जसअन्तर्गत उनको नाम गोरखाको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा पनि सिफारिस भएको छ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) गोरखा जिल्ला कमिटीले प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा पार्टी अध्यक्ष दाहाल र क्षेत्र नम्बर २ मा उपाध्यक्ष नारायणकाजी श्रेष्ठ सहितको नाम सिफारिस गर्ने निर्णय गरेको हो ।

त्यत्तिमात्रै होईन, उनी चितवन निर्वाचन क्षेत्र नम्बर-३ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार सिफारिस भएका छन् । आइतबार बसेको पार्टीको ३ नम्बर क्षेत्रीय निर्वाचन परिचालन समिति बैठकले प्रचण्डलाई उम्मेदवार सिफारिस गरेको हो । फेरिपनि चुनाव जित्न असहज हुने परिस्थिती देखिएपछि अध्यक्ष प्रचण्ड जुन निर्वाचन क्षेत्रबाट चुनाव जित्न सकिन्छ सोही क्षेत्रबाट चुनाव जित्ने रणनीतिमा लागेका हुन् ।



> आफ्नो निर्वाचन क्षेत्र सुरक्षित गर्नेदेखि उम्मेद्वार बलियो उठाएर माओवादी केन्द्रलाई बलियो बनाउन लागिपरेका प्रचण्डले सत्तागठबन्धनबाट कति सिट प्राप्त गर्छन् त्यही अनुसार मात्रै उम्मेद्वार तय गर्ने देखिन्छ ।

आफूमात्रै होईन, चुनावैपिच्छे कमजोर बन्दै गएको माओवादीलाई बलियो बनाउन उनले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई अघि सार्ने रणनीति समेत बनाएका छन् । उनले बालेन शाहको जस्तो सेन्टिमेन्टको खोजीका लागि नयाँ अनुहार ल्याउने संकेत समेत गर्दै आएका छन् । 'हामी बालेनको भन्दा चर्को सेन्टिमेन्ट ल्याउने उपाय खोज्दैछौँ । उम्मेदवार पनि नयाँ नयाँ मान्छे लिएर आउने सोच्दैछौँ, नयाँ मान्छे, तपाईंहरूले सोच्दै नसोचेको मान्छे ल्याउने विचार छ मेरो' उनले भने । काठमाडौंभित्र एक पालिका जित्न नसकेको भन्दै अब कम्तीमा पनि २ देखि ३ सिट जित्नेगरी रणनीति बनाउने कार्यमा लाग्न उनले कार्यकर्तालाई निर्देशन समेत गरिरहेका छन् ।

इन्जिनियरिङ क्षेत्रमा प्रभावशाली छवि बनाएका हरिराम पराजुलीलाई काठमाडौं क्षेत्र नम्बर ७ बाट उम्मेदवार बनाएर चनाव जिताउने प्रयासमा पनि अध्यक्ष प्रचण्ड देखिएका छन् । थापाथली इन्जिनियरिङ

– बाँकी पृष्ठ २ मा

# भारतीय सेनाध्यक्ष नेपालमा

**काठमाडौं/मस**-प्रधानसेनापति प्रभुराम शर्माको औपचारिक निमन्त्रणामा भारतीय सेनाध्यक्ष जनरल मनोज पाण्डे नेपालको पाँच दिवसीय भ्रमणका लागि आइतबार आएका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनलाई बलाधिकृत रथी बालकृष्ण कार्कीले हार्दिक स्वागत अभिवादन गरे ।

राष्ट्रपति विद्यादेवी भण्डारीले सेनाध्यक्ष पाण्डेलाई नेपाल भ्रमणकै क्रममा सोमबार दिउँसो नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्नेछिन् । राष्ट्रपति भण्डारी नेपाली सेनाका परमाधिपति हुन् ।

नेपाल र भारतबीच सन् १९५१ देखि एक-अर्का देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्जा प्रदान गर्ने अनुपम प्रचलन रहिआएको छ । विसं २००७ मा भारतीय सेनाका फिल्ड मार्सल



केएम करिअप्पालाई पहिलो पटक नेपाली सेनाको मानार्थ प्रधानसेनापतिको सम्मान प्रदान गरिएको थियो ।

विसं २०२६ मा तत्कालीन नेपाली सेनाका प्रधानसेनापति सुरेन्द्रबहादुर शाहले पहिलोपटक भारतीय सेनाको मानार्थ सेना प्रमुखको पदवी पाएका थिए ।

अघिल्लो वर्ष प्रधानसेनापति शर्माले भारतीय सेनाको मानार्थ महारथी ग्रहण गरिसकेका छन् । हालसम्म भारतका २१ र नेपाली सेनाका १७ सेनापतिले यस्तो सम्मान प्राप्त गरिसकेका छन् ।

प्रधानमन्त्री एवं रक्षामन्त्री शेरबहादुर देउवासँग भारतीय सेनाध्यक्ष पाण्डेले मङ्गलबार भेट गर्ने कार्यक्रम छ । नेपाल भ्रमणका क्रममा सेनाध्यक्ष पाण्डे सैनिक मञ्च टुँडिखेलस्थित वीरस्मारकमा श्रद्धाञ्जली अर्पण, सम्मान गारत निरीक्षण, वृक्ष रोपण, प्रधानसेनापति शर्मासँग भेटवार्ता, सहयोग सामग्री हस्तान्तरण, कमाण्ड तथा स्टाफ कलेजका शिक्षार्थीसँग अन्तर्क्रियालगायतका कार्यक्रमा सहभागी हुनेछन् ।

सेनाध्यक्ष पाण्डेको भ्रमणका क्रममा नेपाली सेनालाई करिब रु.२२ करोड ३८ लाख ३८ हजार मूल्य बराबरको तोप मर्मतसम्भारका पार्टपूर्जा, घोडा, विस्फोटक पदार्थ प्रतिरोध सवारीसाधन र घुम्ती अस्पतालका लागि आवश्यक उपकरण सहयोगस्वरुप उपलब्ध हुने बताइएको छ ।

# उम्मेदवार हुन आकांक्षीको लर्को धमाधम नाम सिफारिस



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १९ भदौ

आगामी मंसिर ४ गते हुने आम निर्वाचनका लागि जिल्लास्थित ठूला राजनीतिक दल उम्मेदवार सिफारिसमा व्यस्त भएका छन् ।

केही दलले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन क्षेत्रगतरूपमा उम्मेदवार सिरफारिस सकेका छन् भने केही सिफारिसका लागि छलफलमा जुटिरहेको जनाएका छन् ।

दुई प्रतिनिधिसभा र ४ प्रदेशसभा क्षेत्र रहेको दैलेखमा नेकपा एमालेले उम्मेदवारको नाम टुंगो लगाएको छ । दैलेख क्षेत्र-२ बाट प्रतिनिधिसभाको लागि नेकपा एमाले निर्वाचन क्षेत्र समन्वय समितिको बैठकले एमाले प्रचार प्रसार उपप्रमुख तथा युवा नेता बिष्णु रिजाल, प्रतिनिधिसभा सांसद राज बहादुर बुढा, कर्णाली प्रदेशका सभामुख राजबहादुर शाही, पार्टी कर्णाली प्रदेश अध्यक्ष बिनोद शाह र जिल्ला इन्चार्ज लक्ष्मी पोखरेलको नाम सिफारिस  छ ।

नेकपा एमालेको जनाधार बलियो रहेको दैलेख क्षेत्र नं-१ बाट प्रतिनिधि सभाको उम्मेदवारका लागि तीन जनाको नाम सिफारिस भएको छ । सिफारिस हुनेमा नेकपा एमालेका जिल्ला अध्यक्ष रवीन्द्रराज शर्मा, केन्द्रीय सदस्य धर्मराज रेग्मी र रेखा थापा रहेका छन् ।

दैलेख क्षेत्र नं-१ क बाट प्रदेशसभा निर्वाचनको लागी हिमाल जंग शाह, नन्दकिसोर बस्नेत, दान बहादुर थापा, प्रेम खडका, हेम वली, कर्ण बहादुर खड्का, बिष्णु कुमारी जैसीको नाम सिफारिस भएको छ । क्षेत्र नम्बर १ ख बाट रन्न बहादुर खड्का, प्रेम थापा, तेज बहादुर चन, सुशील केसी, मिन बहादुर बुढा, गगन अधिकारी सिफारिस भएका छन् ।

यस्तै दैलेख क्षेत्र नम्बर २ प्रदेससभा 'क' बाट प्रदेशसभा निर्वाचनको लागि उम्मेदवारका लागि नेकपा एमालेले दश जनाको नाम सिफारिस गरेको छ । सिफारिस हुनेमा कर्णाली प्रदेशसभा सदस्य सुशील थापासहित तिलक प्रसाद रिजाल, गंगाराम दाहाल, नवीन कुमार योगी, हिक्मत वि.क, नर बहादुर थापा, कर्ण बहादुर शाही, चन्द्र पोखरेल, रमेश आचार्य र सावित्रा खड्कालाई सिफारिस गरेको छ ।

# डेंगुका बिरामीले भरियो टेकु अस्पताल

**काठमाडौं/मस**-काठमाडौं उपत्यकामा पछिल्ला समय डेंगुका संक्रमित बढ्दै गएका छन् ।

टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा दैनिक ७० देखि ८० जना संक्रमित उपचारका लागि पुग्ने गरेका छन् ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले आकस्मिकमा आउने बिरामीलाई उपचारका लागि राख्ने ठाउँ नभएर एउटा बेडमा दुई जना राख्नुपर्ने स्थिति छ ।

डेंगु भाइरस 'एडिस' जातको लामखुट्टेले सार्ने गर्दछ । यसको शरीर कालो सेतो जेब्राको जस्तै रङ्गको हुन्छ । संक्रमित व्यक्तिलाई टोक्दा रगतमार्फत भाइरस लामखुट्टेको शरीरमा प्रवेश गर्दछ र ८ देखि १२ दिनपछि सो संक्रमित लामखुट्टेले अर्को व्यक्तिलाई टोक्दा भाइरस सर्ने गर्दछ ।

# प्रेस स्वतन्त्रतालाई कुन्ठित हुन दिँदैनौँ : अध्यक्ष पोखरेल

**कलैया/मस**-नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले प्रेस स्वतन्त्रतालाई हनन् गर्न खोजे महासंघ चुप लागेर नबस्ने बताएका छन् । बाराको सदरमुकाम कलैयास्थित करणराज प्यालेसमा आइतबार साझेदारी दैनिक राष्ट्रिय पत्रिकाको आठौँ वार्षिक सधारणसभालाई सम्बोधन गर्दै उनले राजनीतिक दलले सत्तामा नरहँदा प्रेसको वकालत गर्ने तर सत्तामा आएपछि प्रेसको घाटी निमोठ्ने काम गर्ने गरेकाले प्रेस स्वतन्त्रताका हक हनन गर्न खोज्ने जोकोहीसँग हाम्रो सहकार्य नहुने ठोकुवा गर्नुभयो । प्रेस बलियो नभए प्रजातन्त्र बलियो नहुने बताउँदै अध्यक्ष पोखरेलले प्रेसमाथि अंकुश लगाउने काम सैह्य नहुने बताए । नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले श्रमजीवी पत्रकारका लागि श्रम ऐन लागू गर्न माग गरे । संविधानसभा सदस्य डा.शोभाकर पराजुलीले विधिको शासन कायम गराउने, मुलुकमा शान्ति सुव्यवस्था कायम गराउने र राज्यको हरेक निकायलाई खबरदारी गर्ने प्रेस जगतलाई सबैले सम्मान गर्नुपर्ने बताए ।

# अधिकांश मासु पसल फोहोर र अव्यवस्थित

**रुपन्देही/मस**- बुटवलका अधिकांश मासु पसल फोहर र अव्यवस्थित रहेको पाइएको छ ।

बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रा देवी अर्यालको नेतृत्वमा आइतबार भएको अनुगमनका क्रममा बधशाला सरसफाइमा ध्यान नदिएको पाइएको हो ।

चाडपर्वमा सबैभन्दा बढी उपभोग हुने मासुजन्य पदार्थमा हुने कालोबजारी तथा गुणस्तरहीन बस्तुको बिक्री वितरण नियन्त्रण गर्न उपमहानगरपालिकाले मासु पसलमा अनुगमन गरेको थियो ।

बुटवलको इँटाभट्टी, तीनकुने, होराइजन चोक, देवीनगरलगायतका क्षेत्रमा सञ्चालनमा रहेका विभिन्न क्षेत्रमा सञ्चालित ११ मासु पसलमा गरिएको अनुगमनमा बधशालामा सरसफाइमा ध्यान नदिइएको पाइएको हो । अनुगमनका क्रममा तीन वटा पसलमा अखाद्य मासु बिक्री गरेको पाइएको छ भने अधिकांशमा बधशाला सरसफाइमा ध्यान नदिएको पाइएको



उपप्रमुख अर्यालले बताए ।

अखाद्य मासु भेटिएकालाई उपमहानगरपालिकामा बोलाइएको छ भने अन्यलाई मापदण्डअनुसार काम गर्न निर्देशन दिइएको उनले जानकारी दिए ।

बुटवलको इँटाभट्टीको कुरैशी मासु पसल र स्माइली मासु पसल तथा देवीनगरमा रहेको श्रेष्ठ मासु पसलबाट अखाद्य मासु जफत गरिएको छ । यी मासु पसलबाट २२ किलोभन्दा बढी अखाद्य मासु फेला पारी नष्ट गरिएको बुटवल उपमहानगरका वरिष्ठ अधिकृत ठगिश्वर शर्माले बताए ।

बधशाला तथा मासु पसल सफा राख्न निर्देशन दिइएको उनको भनाइ छ ।

देवीनगरमा रहेका दिनेश फ्रेस हाउस र नमस्ते गाउँले मासु पसलले सडक क्षेत्रमा बधशाला बनाएको पाइएको छ भने तिनकुनेमा रहेको निमेस मासु पसलको बधशाला निकै फोहर पाइएको छ ।

यस्तै इँटाभट्टीको माइला मासु पसल, ज्योति माइला मासु पसल र मेहेदी मासु पसल तथा होराइजन चोकको मामा मासु पसल र राजनफ्रेस हाउसमा अनुगमन गरी पसल सफा र व्यवस्थित बनाउन सचेत गराइएको छ । अनुगमनका क्रममा उपप्रमुख अर्यालले चाडपर्वका समयमा मासुको प्रयोग बढी हुने भएकाले स्वच्छ र स्वस्थ्य मासुको बिक्रीवितरण हुनुपर्ने बताए । मासुलाई तापक्रम व्यवस्थापन गरी राख्नुपर्ने भए पनि त्योअनुसार सञ्चालन नभएका कारण व्यवसायीलाई उपमहानगरपालिका कार्यालयमा बोलाइएको पशु चिकित्सक झवीन्द्र बञ्जाडेले बताए ।

अनुगमनमा उपप्रमुख अर्यालसहित उपमहानगरका कर्मचारी, पशु चिकित्सक, बुटवल उद्योग वाणिज्य संघका प्रतिनिधि, उपभोक्ताहित संरक्षण मञ्चका प्रतिनिधि, पत्रकार, नगर प्रहरी लगायतको उपस्थिति थियो ।

# पर्यटनमन्त्री श्रेष्ठलाई लाइन बस्न लगाउने सुरक्षागार्ड पक्राउ

**काठमाडौं/मस**- व्यक्तिगत कामको सिलसिलामा ठमेलस्थित छायाँ सेन्टर पुगेका संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री जीवनराम श्रेष्ठलाई लाइनमा बस्न आग्रह गर्ने सुरक्षा गार्ड पक्राउ परेको घटना सार्वजनिक भएको छ । क्यानडाको भिसाका लागि शुक्रबार बायोमेट्रिक विवरण दिन श्रीमतीसहित पुगेका मन्त्री श्रेष्ठभन्दा अगाडि अरु थुप्रै सेवाग्राही भएपछि गार्ड शेरजंग कुँवरले लाइन बस्न भनेपछि गार्ड र मन्त्रीबीच भनाभन भएको हो ।

त्यसकै आधारमा पक्राउ परेका सुरक्षा गार्ड कुँवरलाई प्रहरीले अभद्र व्यवहारमा मुद्दा चलाउने तयारी गरेको छ । मन्त्री त्यहाँबाट फर्किएसँगै प्रहरीले गुरुङलाई पक्राउ गरेको थियो । महानगरीय प्रहरी वृत्त दरबारमार्गले गुरुङमाथि अभद्र व्यवहार कसुरमा अनुसन्धान शुरु गरिएको जनाएको छ ।

# २७ सय २ जना सवारी चालकलाई कारबाही



**काठमाडौं/मस**- ट्राफिक प्रहरीले काठमाडौं उपत्यकामा एकैदिन २ हजार ७०२ जना सवारी चालकलाई कारबाही गरेको छ । ट्राफिक नियम उल्लंघन गरेका कारण उपत्यकाको विभिन्न स्थानमा शनिबार उनीहरुलाई कारवाही गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

कारबाहीमा पर्नेमा मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने १८२, लेन अनुशासन पालना नगर्ने ४८, रेड लाइटमा सवारी साधन चलाउने ६२, निषेधित क्षेत्रमा हर्न बजाउने १७४ र नम्बर प्लेट राम्रोसँग नराख्ने ३२ जना सवारी चालक रहेका छन् । यस्तै २ हजार २०४ जना सवारी चालकलाई अन्य कारबाही गरिएको कार्यालयले जनाएको छ ।


**भूल सुधार**

मिति २०७९/०५/१८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **MALAYSIA** मा रोजगार शिर्षक, कम्पनीको नाम: **EVERGREEN HEAVY INDUSTRIAL CORP. (M) BERHAD**, चलानी नं.: ६०१८६७९४ र **L.T. No. 270863** को विज्ञापनमा पुर्व स्वीकृति मिति २०७९/०५/१७ हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

SGMC Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4473705, 4494457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com


### नेकपा...

मदन भण्डारीलाई सुद बनाउने अनि कुद खाएर बस्ने, विचार, सिद्धान्तको केही कुरा छैन ।'

सोही कार्यक्रममा नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पनि उपस्थित थिए । प्रचण्डतर्फ हेर्दै भुसालले भने, 'जडताबाट एमाले निस्कनुपर्‍यो । माओवादीले पनि जनयुद्धको धङधडी छोड्नुपर्‍यो ।'

### श्रममन्त्रीसँग...

छन् । श्रमिकसँग मन्त्री कुँवरले विदेशमा रहेका श्रमिकहरुका समस्या र गुनासाहरुप्रति आफू गम्भिर रहेको र समस्या समाधानका लागि निरन्तर पहल गरिरहेको बताए ।

'श्रमिकसँग श्रममन्त्री' कार्यक्रममा भाग लिनका लागि नेपाल टेलिकमको टोल फ्रि नम्बर ११४१ र १६६००१५०००५, ल्यान्डलाइन नम्बर ०१५९७०००८ र ह्वाट्सएप, भाइबरमा ९८०१८०००१३ र इमो नम्बर ९८०१३०००३३ मा सम्पर्क गर्न सकिने मन्त्रालयले जनाएको छ ।

### ढकाल...

क्षेत्रीय समितिको आइतबार भैरहवामा बसेको नवौं नियमित बैठकले गृहमन्त्री खाँण तथा संयोजक ढकालको नाम सर्वसम्मत उम्मेदवारका रूपमा सिफारिस गरेको क्षेत्रीय सभापति सुशील गुरुङले जानकारी दिए । प्रदेश सभाका लागि ढकालसहित नौ जनाको नाम सिफारिस भएको छ ।

उता संघका पूर्वअध्यक्ष बलबहादुर तामाङ पनि नेपाली कांग्रेसका तर्फबाट ताप्लेजुङबाट प्रदेशसभा सदस्य उम्मेदवारमा सिफारिस भएका छन् । ताप्लेजुङबाट प्रतिनिधिसभामा एक तथा प्रदेश सभामा दुई जनाको प्रतिनिधित्व रहेको छ ।

यसअघि ललितपुरको जावलाखेलस्थित लक्की एच आर सोलुसन प्रा.लि.का सञ्चालक ऋषिप्रसाद शर्मालनई सुर्खेत निर्वाचन क्षेत्र न. १ प्रदेश (ख) बाट नेपाली काग्रेसले प्रदेश सभा सदस्य उम्मेदवार बनाउन सिफारिस गरेको थियो । त्यस्तै युवा व्यवसायी अनिल बोगटी नेकपा एकीकृत समाजवादी पार्टीबाट संघीय सांसदका लागि समानुपातिकतर्फ सिफारिस भएका छन् । क्षेत्रीय समितिले गरेको सिफारिसका आधारमा नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले उम्मेदवारको टुंगो लगाउने गरेको छ ।

### चुनाव...

क्याम्पसका पूर्वक्याम्पस प्रमुखसमेत भइसकेका पराजुली पुल्चोक इन्जिनियरिङ क्याम्पसको स्टक्चरल इन्जिनियरतर्फको गोल्ड मेडलिस्ट पनि हुन् । त्यस्तै, उनी पूर्वमुख्यसचिव तथा चीनका लागि राजदूत भइसकेका लीलामणि पौडेललाई गुल्मीको क्षेत्र नम्बर १ बाट उम्मेदवार बनाउन पनि लागिपरेका छन् । आफ्नो निर्वाचन क्षेत्र सुरक्षित गर्नेदेखि उम्मेद्वार बलिया उठाएर माओवादी केन्द्रलाई बलियो बनाउन लागिपरेका प्रचण्डले सत्तागठबन्धनबाट कति सिट प्राप्त गर्छन् त्यहीँ अनुसार मात्रै उम्मेद्वार तय हुने देखिन्छ ।


**साउदीमा रोजगार** | १. कम्पनी: SALEEM SAEED SALEM AL ATAF AL SHAHRANI CAR SERVICES WORKSHOP
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०७/०९ चलानी नं.: ६०१६६३५७ LT. No.:248940 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २७ गते (12 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

न्यू सृष्टि ओभरसिज प्रा. लि. Govt. Lic No.: 1036/073/074
नयाँ बानेश्वर, काठमाडौं ,नेपाल, फोन: ४१०५१२५, फ्याक्स: ४४८८०८५
Email: info@newshristiovs.com, shristinewoverseas@gmail.com, Website: www.newshristiovs.com

**मलेसियामा रोजगार** | कम्पनी: RESTORAN ALEF शहर : KAJANG

पूर्व स्वीकृत मिति: २०७९/०५/१९ चलानी नं.: ६०१८६८९३ LT. No.: 269720

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturent crew | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ २७ गते (12 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

TILICHO OVERSEASE PVT. LTD. Gov. Lic No. 1234/074/075
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9860979793
Email : tilichooverseas@gmail.com


## कृष्णपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७९/०५/२०**

यस कार्यालयको मिति २०७९।०४।१३ गतेको दैनिक पत्रिका र सुचनापाटीमा प्रकाशित आन्तरिक आय संकलनको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सुचना वमोजिम उल्लेखित म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुदा अधिकतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय वमोजिम ठहरी स्वीकृतीका लागि छनौट भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | छनौट भएको दरभाउपत्रदाता | कबोल अंक (मु.अ.कर बाहेक) रु. |
|---|---|---|---|
| 05-IR-2079/080 | कृष्णपुर न.पा. भएर बग्ने मोहना, मछेली, बन्द र बनारा नदीको गिट्टी, बालुवा, ढुङ्गा, ग्राभेल र माटोमा रोयल्टी उठाउने कार्य | श्री बालाजी कन्स्ट्रक्सन, धनगढी २ कैलाली | २,४८,००,०००।- |

**अन्य सवै बोलपत्र दाताहरुलाई समेत यसै सुचनाबाट जानकारी गराइएको छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रतिनिधिसभा : यी हुन् मोरङमा सिफारिस उम्मेदवार

**प्रवेश विष्ट/मध्यान्ह**
विराटनगर, १९ भदौ



आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मोरङमा दलहरुले उम्मेदवारहरुको नाम सिफारिस गरेका छन् ।

६ वटा संघीय निर्वाचन क्षेत्र रहेको मोरङमा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले आकांक्षी उम्मेदवारहरुको नाम सिफारिस गरेको हो ।

दलहरुले सर्वसम्मत गर्न सकेको क्षेत्रमा सर्वसम्मत नाम सिफारिस गरेका छन् । अधिकांश क्षेत्रमा पुरानै नेताको नाम सिफारिस भएको छ ।

मोरङ निर्वाचन क्षेत्र नम्बर १ मा नेकपा एमालेले ५ जनाको नाम सिफारिस गरेको छ । एमालेले पूर्वमन्त्री शिवमाया तुम्वाहाम्फेसहित घनश्याम खतिवडा, अग्नी भट्टराई, राजेन्द्र पौडेल र रुद्रबहादुर तामाङको नाम सिफारिस गरेको छ ।

नेपाली कांग्रेसले संविधानसभा सदस्य डिगबहादुर लिम्बूसहित चार जनाको नाम सिफारिस गरेको छ । सो क्षेत्रबाट कांग्रेसले लिम्बूसहित रामप्रसाद पोखरेल, आरती बराल र जयधर्म आर्चायको नाम सिफारिस गरेको छ ।

माओवादीले भने यस क्षेत्रमा सर्वसम्मत रुपमा प्रेम मिभक लिम्बूलाई सिफारिस गरेको छ ।

२०७४ को निर्वाचनमा यस क्षेत्रबाट नेकपा एमालेका घनश्याम खतिवडा विजयी भएका थिए ।

एमाले माओवादीको वाम गठबन्धनबाट उम्मेदवार बनेका खतिवडासँग कांग्रेसका डिगबहादुर लिम्बू पराजित भएका थिए ।

मोरङ २ मा एमालेले संविधानसभा सदस्य ऋषिकेश पोखरेललाई सर्वसम्मत सिफारिस गरेको छ ।

पोखरेल एमाले मोरङका जिल्ला अध्यक्षसमेत हुन् । २०७० को निर्वाचनमा कांग्रेसका आमोदप्रसाद उपाध्यायलाई पराजित गरेका पोखरेल २०७४ निर्वाचनमा भने कांग्रेसका मिनेन्द्र रिजालसँग पराजित भए ।

२०७४ मा मोरङ २ बाट विजयी भएका रिजाललाई पुनः यसपटक पनि सिफारिस गरिएको छ । कांग्रेसले रिजालसहित सुजता कोइरालालाई सिफारिस गरेको छ ।

माओवादीले भने गणेश उप्रेतीलाई सर्वसम्मत सिफारिस गरेको छ । २०७० को निर्वाचनमा पराजित भएका उप्रेती २०७४ को निर्वाचनमा भने मोरङ २ (क) बाट प्रदेशसभामा उम्मेदवार थिए । एमाले माओवादीको गठबन्धनबाट उम्मेदवार रहेका उप्रेती कांग्रेसका शिवनारायण गनगाईसँग पराजित भएका थिए ।

मोरङ क्षेत्र नम्बर ३ मा एमाले र कांग्रेस दुवैले सर्वसम्मत उम्मेदवारको नाम सिफारिस गरेका छन् । एमालेले भानुभक्त ढकाल र कांग्रेसले सुनिल शर्माको नाम सिफारिस गरेको छ ।

अघिल्लो निर्वाचनमा यी दुई प्रतिस्पर्धि थिए । २०७४ को प्रतिनिधिसभा निर्वाचनमा यस क्षेत्रबाट एमालेका ढकाल विजयी भएका थिए ।

क्षेत्र नम्बर ३ बाट माओवादीले सावित्रीकुमारी काफ्ले, खेम सुन्दास र खेम भट्टराईको नाम प्रतिनिधिसभामा सिफारिस गरेको छ ।

२०७४ को निर्वाचनमा मोरङ क्षेत्र नम्बर ४ बाट विजयी भएका अमनलाल मोदीलाई माओवादी केन्द्रले सर्वसम्मत उम्मेदवार सिफारिस गरेको छ । एमालेले पनि केन्द्रीय सदस्य विनोद ढकालको एकल नाम सिफारिस गरेको छ ।

कांग्रेसले यस क्षेत्रबाट ५ जनाको नाम सिफारिस गरेको छ । अघिल्लो निर्वाचनमा मोदीसँग पराजित भएका महेश आचार्यसहित अमुत अर्याल, भीम पराजुली, गुरुराज घिमिरे र दिलिप गच्छदारको नाम सिफारिस गरेको छ ।

मोरङ ४ बाट सिफारिस भएका कांग्रेस नेता अमृत अर्यालको नाम मोरङ क्षेत्र नम्बर ५ बाट पनि सिफारिस भएको छ । सो क्षेत्रबाट अर्यालसँगै हसन अन्सारीको पनि नाम सिफारिस भएको छ ।

२०७४ को निर्वाचनमा अमृत अर्याल यही निर्वाचन क्षेत्रबाट उम्मेदवार थिए । अर्याल नेकपा माओवादीका शिवकरमार मण्डलसँग पराजित भएका थिए । नेकपा माओवादी केन्द्रले यसपटक पनि मण्डलको एकल नाम सिफारिस गरेको छ । एमालेले समाजिक अभियन्ता योगेन्द्र मण्डलसहित मनोज अग्रवाल र राधादेवी पासवानको नाम सिफारिस गरेको छ ।

नेपाली कांग्रेसका प्रभावशाली नेता शेखर कोइरालको निर्वाचन क्षेत्र रहेको मोरङ क्षेत्र नम्बर ६ मा कांग्रेसले चार जनाको नाम सिफारिस गरेको छ। यस क्षेत्रबाट कोइरालासँगै डिला संग्रौला, रमेशजंग रायमाझी र शिवकुमार बस्नेतको नाम सिफारिस भएको छ । यस क्षेत्रमा अघिल्लो निर्वाचनमा एमालेका लालबाबु पण्डितसँग कोइराला पराजित भएका थिए। एमालेले यसपटक पण्डितसँगै टिकाराम पुरीको नाम सिफारिस गरेको छ । माओवादी केन्द्रले हेमबहादुर कार्की, नविन पौडेल र शिवकुमार कार्कीको नाम सिफारिस गरेको छ ।

# कर बुझाउन क्यासिनोलाई महानगरको ताकेता

काठमाडौं/मस-काठमाडौं महानगरपालिकाले सात दिनभित्र कर बुझाउन सात वटा क्यासिनोलाई ताकेता दिएको छ ।

पटक-पटक कर बुझाउन ताकेता गरिए पनि होटल स्यारियटमा रहेको डेल्टिन क्यासिनो, अन्नपूर्ण होटलमा रहेको क्यासिनो प्यालेस, र्‍याडिसन होटलको क्यासिनो र्‍याड, हायात होटलको प्राइड इन्टरटेनमेन्ट एन्ड रिक्रिएसन, होटल सोल्टीमा रहेको माजोङ इन्टरटेनमेन्ट, होटल एलफ्टमा रहेको बाल्को क्यासिनो र मल्ल होटलमा रहेको बेली क्यासिनोले नबुझाएको भन्दै सात दिनभित्र कर बुझाउन तोकता दिइएको हो । महानगरले ताकेता गर्दा पनि आर्थिक वर्ष २०७५/०७६ देखि कर नबुझाएकाले उनीहरुलाई एक साताभित्र कर बुझाउन ताकेता गरको छ ।

## साइप्रसमा रोजगारको अवसर | १.कम्पनी: FONTANA LABOUR OFFICE LTD शहर: CYPRUS

पूर्व स्वीकृत मितिः २०७८/०८/०१ चलानी नं.: ६०१६७९०९ LT. No.: 250938 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AGRICULTURE LABOR | 2 | 1 | सम्बन्धित कामममा दक्ष | 455 | ५८,६७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | DOMESTIC WORKER | 5 | 0 | | 314 | ४०,४९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २७ गते (12 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ३५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**KALINCHOK H. R. PVT. LTD.**
License No.: 1406/074/075
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 9801081748, 9851136852, 9851093878, 9801179844, Email: kalinchokhr.nepal@gmail.com

## मलेसियामा रोजगार | कम्पनी : YONG FONG RECLAIMED RUBBER SDN. BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०३/२७ चलानी नं.: ६०१८३१३४ LT. No.: 267251 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितुरमा २०७९ भदौ २७ गते (12 Sept. 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५२३३६२, फ्याक्सः ५५४६६५१
श्रम इजाजत नं ८१०/०६५/०६६
E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com

## साउदीमा रोजगार | १. कम्पनीः LANDMARK ARABIA CO शहरः Riyadh

पूर्व स्वीकृत मितिः २०७९/०२/०९ चलानी नं.: ६०१८२९१६ L.T. No.: 256455 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Worker | 9 | 0 | स. काममा दक्ष | 1500 | ५०,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २७ गते (12 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Crown Employment Consultant Pvt. Ltd.**
श्रम इजाजत नं. २३५/०५८/०५९
Banshidhar Marga, Chappal Karkhana, Kathmandu, Tel: 4426566
Email: hr@crown.com.np | web: www.crown.com .np

## Cyprus मा महिलाहरूलाई रोजगारको अवसर

१.कम्पनीः **Mavromatis Employment Bureau Ltd.**, Cyprus, Larnaca.

पूर्व स्वीकृती मिति २०७८।१२।१० चलानी नं. ६०१७६४५२ LT.No. 260152

| सि. नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 01 | काममा दक्ष | 314 | ४०,०५०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२.कम्पनीः **Orthodoxou Employment Bureau Ltd.**, Cyprus, Larnaca.

पूर्व स्वीकृती मिति २०७८।११।१२ चलानी नं. ६०१७५०२२ LT.No. 258598

| सि. नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 02 | काममा दक्ष | 314 | ४०,०५०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.४०,०००।- |

अन्तर्वार्ता २०७९ भाद्र २७ गते (12 Sep., 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

**Apps Services Pvt.Ltd.**
Govt. Lice. No.: 1172/073/074
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
Email:- infoapps1172@gmail.comom

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०५/२०**

**द नो नेम ट्राभल्स एण्ड ट्रक्स प्रा.लि.** को मिति २०७९/०४/२६ गते मा वार्षिक /विषेश साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **याङ हिम टुर एन्ड ट्राभल एजेन्सी (प्रा. लि. नं.: १२५४२४)**, कायम गर्ने गरी मिति २०७९/०५/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Federal Road Supervision and Monitoring office, Pokhara
**Dumre Besisahar Chame Road Project**
Besisahar, Lamjung

***Invitation for Sealed Quotation***

**Notice No.: - 01-DBCRP/SQ/079/80**
**Date of Publication: 2079/05/20 (5th Sep 2022)**

1. Dumre Besisahar Chame Road Project, Besisahar, Lamjung invites open competitive biddings from Eligible Bidders for the construction of following works under National Competitive Bidding Procedures.

| S.N. | Contract Number | Description and location of work | Estimate Amount in NRs. (Exclusive of VAT and Contingencies) | Time For Completion From date of work order | Bid Security Amount (NRs.) | Bid Validity Period /Bid Security Validity Period | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | DBCRP/ 33701121/ SQ/079/80-001 | Construction of RCC Crash Barrier in Myardi Bhir, Manang [Ch: 76+530-Ch:76+680] | 17,07,234.09 | 1 months | 50,000.00 | 45 days /75 days | 1000.00 | |

2. **Date of Purchasing, Pre-bid meeting, Submission & Opening of Bids: -**

| Last Date of Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account for Purchasing of Bid Document | Employer's Bank Account to Deposit Cash for the Bid Security |
|---|---|---|---|
| On or Before 2079/06/04 (20th September 2022) at 12:00 hours | On 2079/06/04 (20th September 2022) at 13:00 hours | Rastriya Banijya Bank Ltd., Besisahar, Lamjung, Office Code Number: 337013701, **Revenue Account number:1000100200010000,** Rajaswa (Revenue) Sirshak No: 14229 | Rastriya Banijya Bank Ltd., Besisahar, Lamjung, Office Code Number: 337013701, Deposit Account number Dharauti a/c Ko.Le.Ni.Ka **3040100102030000** |

3. Eligible Bidders are advised to visit PPMO's website **www.bolpatra.gov.np/egp**, for further details or contact to Dumre Besisahar Chame Road Project, Besisahar, Lamjung.
4. Matters not covered by this notice shall be in according with Public Procurement Act, 2063 (First amendment 2073) and Public Procurement regulations, 2064 (12th amendment 2079) and other prevailing Rules and Regulations.

**Project Chief**

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनीः LAHEJ & SULTAN CLEANING SERVICES & GENERAL MAINTENANCE COMPANY, DUBAI

पूर्व स्वीकृत मितिः २०७९/०४/१५ चलानी नं.: ६०१८४०५६ LT. No.: 268085 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 300 | 200 | स. काममा दक्ष | 800 | २७,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २७ गते (12 Sep. 2022) मा हुनेछ ।

| [illegible] | [illegible] | [illegible] | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

[illegible]

**Golden Achivers International Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. [illegible]
Basundhara Chauki Kathmandu, Tel: 01-5914478
Mob.: 9808752412, 9818591086, 9803552057, 9818261234
9741714518, 9818455280, 9803846905, 9803115527, 9823433034
E-mail : info@goldenach.com, Web.: www.goldenach.com

## शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी

कम्पनी : AJWAA EST शहरः AMMAN

पूर्व स्वीकृत मितिः २०७८/०७/२९ चलानी नं.: ६०१६७५८७ LT. No.: 250051 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | House Maid (Female) | 0 | 22 | स. काममा दक्ष | 300 | ३८,२१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ २७ गते (12 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

**नोट : भाषा तथा घरायसी काम सम्बन्धी १ (एक) महिने तालिम अनिबार्य लिनु पर्ने । खाना, बस्न सहित तालिम नि:शुल्क हुने र शुन्य लागत (Zero cost) मा जान पाईने ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**युरो क्रस ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९९५/०६८/०६९ एयरपोर्ट, काठमाण्डौ, नेपाल, फोन नं. ४४८५८८३.

## साउदीमा रोजगारको अवसर | १. कम्पनी : AL NOOR UNITED TRADING EST शहरः JEDDAH

पूर्व स्वीकृत मितिः २०७९/०५/०१ चलानी नं.: ६०१८६८९० L.T. No.: 269837 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 10 | 0 | स. काममा दक्ष | 1000 | ३३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : HUDA HASSAN HALIL AL-MOHAMMADI FAST FOOD BUFFET शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०१/१६ चलानी नं.: ६०१८६८८६ L.T. No.: 270629

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1500 | ५०,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख २७ गते (12 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

